

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन १२ गते शनिबार ❑ 24 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## आइतबारदेखि देशभर दादुराविरुद्ध खोप अभियान

### गण्डकीका साढे दुई लाखभन्दा बढी बालबालिकालाई दादुरा रुबेलाको खोप

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

गण्डकी प्रदेशमा राष्ट्रिय अभियानका रुपमा सुरु गर्न लागिएको दादुरा रुबेलाको खोप दुई लाख ५३ हजार ३५ जना बालबालिकालाई दिइने भएको छ।

गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयका अनुसार प्रदेशका नौ जिल्लाका नौ महिना उमेर पूरा गरी पाँच वर्षभित्रका सबै बालबालिकालाई तालिमप्राप्त स्वास्थ्यकर्मीबाट मात्र खोप दिने योजना छ। गण्डकीमा यही फागुन १३ देखि चैत ७ गतेसम्म सबै स्वास्थ्य संस्था र खोप केन्द्रमा खोप अभियान सञ्चालन हुने निर्देशनालयका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार गण्डकीका नवलपरासी बर्दघाट(सुस्ता पूर्व) जिल्लामा नौ महिनादेखि १५ वर्षमुनिका बालबालिकालाई दादुरा रुबेलाको खोप प्रदान गरिने छ भने अन्य बाँकी जिल्लामा नौ महिना पूरा गरी पाँच वर्षभित्रकालाई दिइनेछ। हिमालपारिका जिल्ला मनाङ र मुस्ताङमा भने फागुन अन्तिमदेखि मात्र अभियान सुरु हुनेछ । चिसो मौसमका कारण दुई जिल्लामा दुई सातापछि मात्र कार्यक्रम सुरु हुनेछ । "बेलाबेलामा नेपालमा दादुराको महामारी फैलिने गरेकाले यस प्रकारको खोप अभियान अझै प्रभावकारी ढङ्गले गर्नुपर्ने टड्कारो आवश्यकता छ। त्यसैले समुदायमा रहेका लक्षित समूहको कुनै पनि बालबालिका खोपबाट वञ्चित नहुन् भनी बढी सजगता अपनाइएको छ", पौडेलले भन्नुभयो।

गण्डकी प्रदेशसमेत दादुरा रुबेलाबाट अछुतो नरहेकाले खोप कार्यक्रम प्रभावकारी र व्यवस्थित हुने बताइन्छ । हालै




मात्र तनहुँको शुक्ला गण्डकी नगरपालिकामा दादुरा रुबेलाको महामारी देखापरेको पौडेलले जानकारी दिनुभयो । खोपका लागि प्रदेशमा दुई हजार आठ सय ८९ खोप सेसन सञ्चालन हुनेछन् । खोप लगाउनका लाग दुई हजार आठ सय ८९ जना स्वास्थ्यकर्मी र पाँच हजार सात सय ७८ स्वयंसेवक परिचालित हुने निर्देशनालयले जनाएको छ। कास्कीमा ३४ हजार नौ सय २५, लमजुङ नौ हजार आठ सय १५, नवलपरासी एक लाख २२ हजार, तनहुँमा २० हजार चार सय ८०, पर्वतमा आठ हजार छ सय ११ र बागलुङमा २० जनामा खोप दिइनेछ।

यसैगरी गोरखामा १७ हजार सात सय चार, स्याङ्जा १६ हजार र म्याग्दीमा छ हजार पाँच सय जना बालबालिकालाई खोप दिने योजना रहेको छ । विश्व स्वास्थ्य सङ्गठनका मेडिकल सर्भिलेन्स अफिसर डा रामु शर्माले दादुरा रुबेलाको सुई सुरक्षित र प्रभावकारी रहेको बताउनुभयो । खोपपछि कोही कसैमा सामान्य ज्वरो आए पनि अन्य जटिल स्वास्थ्य समस्या नआउने उहाँको भनाइ छ । "खोपमा कुनै पनि शङ्का छैन। सुरक्षित र अत्यन्त प्रभावकारी समेत छ। डा शर्माले भन्नुभयो, "खोपपछि कसैलाई सामान्य ज्वरो आउन सक्ने भए पनि पछि त्यो आफैँ हराएर जान्छ ।" डा शर्माले खोप लगाएपछि यदी कुनै अवान्छित घटना भई हालेमा उपचारका लागि (एएफआइ) टोली सबै जिल्लामा खटिएको बताउनुभयो ।

यसैगरी सरकारले जाजरकोट र पश्चिमरुकुमबाहेकका ७५ जिल्लामाखोपअभियानसञ्चालन गरेकोछ । अभियानअन्तर्गत काठमाडौँ जिल्लाका पाँच लाख ९७ हजार तीन सय पाँचजना बालबालिकालाई खोप लगाइने बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलन गरेर वरिष्ठ जनस्वास्थ्य प्रशासक डा भुवन पौडेलले जानकारी दिनुभयो । उहाँले ती वालबालिकालाई एक हजार छ सय ७० खोप केन्द्रबाट खोप लगाइने बताउनुभयो । पहिले विद्यालयलाई नै खोप केन्द्र बनाउने र खोपको अन्तिम दिन वडा कार्यालयमा रहेका स्वास्थ्य संस्थामा खोप लगाइने उहाँले बताउनुभयो । बिहान १० देखि दिउँसो ४ बजेसम्म खोप अभियान सञ्चालन हुनेछ। यस्तै ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिका खोप अभियान सहभागी हुनेछन्। काठमाडौँ महानगरपालिकामा दुई लाख५०हजारबालबालिकाछन्। काठमाडौँ जिल्लाका१० स्थानीय तहमा शङ्खरापुर, कागेश्वरी मनहरा, गोकर्णेश्वर, दक्षिणकाली, नागार्जुन, टोखा, तारकेश्वर, बूढानीलकण्ठ, चन्द्रागिरि र कीर्तिपुरमा फागुन १३ गतेदेखि र काठमाडौँ महानगरपालिकामा यही फागुन १६ देखि २९ गतेसम्म खोप अभियान सञ्चालन हुनेछ। खोप अभियानमा तीन सय ३२ स्वास्थ्यकर्मी र तीन हजार एकजना स्वयंसेवक परिचालन गरिने छ । भारतसँग सीमा जोडिएका दादुरा-रुवेलाको अतिसङ्क्रमित २१ जिल्ला तथा काठमाडौँ उपत्यकाका काठमाडौँ, भक्तपुर र ललितपुर गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्षमुनिका र ५१ जिल्लामा नौ महिनादेखि पाँच वर्षमुनिका बालबालिकालाई खोप लगाइने छ। काठमाडौँ दादुरा-रुवेलाको अतिसङ्क्रमित जिल्ला हो। यो नौ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई खोप लगाइने छ।

गत वर्ष काठमाडौँ जिल्लामा दादुरा-रुवेला फैलिँदा दुई सय २५ जना सङ्क्रमित र एकजनाको मृत्यु भएको थियो। गत वर्ष १९ जिल्लामा यो महामारीका रूपमा फैलिएको थियो। दादुरा तथा रुबेला दुवै रोग अत्यन्त सङ्क्रामक रहेको र बालबालिकालाई यी रोगले बढी सङ्क्रमण गर्ने विश्व स्वास्थ्य सङ्गठनको भनाइ छ। सरकारले सन् २०२६ सम्म नेपालबाट दादुरा रुबेला रोग निवारण गर्ने लक्ष्य राखेको छ। नेपालमा ४५ वर्षदेखि दादुराको खोप र पछिल्लो एक दशकभन्दा बढी समयदेखि रुबेलासमेतको गरी संयुक्त रुपमा १६ हजारभन्दा बढी खोप केन्द्रबाट प्रदान गर्ने गरिएको छ । सन् २००४ देखि हालसम्म हरेक चार/चार वर्षमा अभियानका रुपमा पनि यो खोप लगाइदै आइरहे पनि बेला बेलामा महामारी फैलिने गरेको छ।

## शैक्षिक क्यालेण्डर बनाइ कार्यान्वयन गर्छु : त्रिवि नवनियुक्त उपकुलपति बराल

**रासस**
काठमाडौं, ११ फागुन



त्रिभुवन विश्वविद्यालयका नवनियुक्त उपकुलपति प्रा डा केशरजङ्ग बरालले आफ्नो पहिलो प्राथमिकता शैक्षिक क्यालेण्डर निर्माण र त्यसको पूर्ण कार्यान्वयन हुने बताउनुभएको छ।

विश्वविद्यालयको उपकुलपति पदमा नियुक्त भएपछि बिहीबार साँझ कुरा गर्दै उहाँले भन्नुभयो, "विश्वविद्यालयमा वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी त्यसको पूर्ण कार्यान्वयन अहिलेको आवश्यकता हो। यो मेरो पहिलो प्राथमिकतामा हुनेछ।"

उहाँले त्रिभुवन विश्वविद्यालय देशको ठूलो संरचनायुक्त संस्था भएको र यसको सुधारका असङ्ख्य काम भएको भन्दै उहाँले समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशनका लागि पनि आफूले काम गर्नेसमेत उल्लेख गर्नुभयो।"विश्वविद्यालयलेपरीक्षा सञ्चालन र नतिजा प्रकाशन समयमै गर्नु निकै आवश्यक छ", उहाँले भन्नुभयो, "यसका अलवा विश्वविद्यालयको पाठयक्रम अद्यावधिक पनि मेरो प्राथमिकतामा हुनेछ ।" विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्रिविको रिक्त उपकुलपति पदमा नियुक्त गर्नुभएको थियो। नवनियुक्त उपकुलपति प्रा डा बरालले शुक्रबार नियुक्तिपत्र बुझिसक्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । उहाँले शुक्रबारनै कीर्तिपुरस्थित कार्यालय पुगी पदबहाली गर्ने कार्यक्रम छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई नेतृत्वमा रहेको उपकुलपति छनोट तथा सिफारिस समितिबाट सिफारिस भएका तीनै जना उम्मेदवारहरुको 'मेरिटोक्रेसी'का विषयमा प्रधानमन्त्री दाहालले अध्ययन गर्नुभएको थियो । सिफारिस समितिले विश्वविद्यालयको उपकुलपति नियुक्तिका लागि प्रधानमन्त्री दाहालसमक्ष बरालसहित चित्रबहादुर बुढाथोकी र टङ्कनाथ धमलालाई सिफारिस गरेको थियो । उहाँलाई नियुक्ति गर्नुअघि प्रधानमन्त्री दाहालले शिक्षामन्त्री एवं शिक्षा सचिवसँग उहाँको 'करिअर'का विषयमा जानकारीसमेत लिनुभएको थियो। उपकुलपति पदका लागि दर्खास्त दिएका ४३ मध्ये प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि १४ जना छानिएकामा प्रस्तुतीकरण एवं अन्तर्वार्तापछि नियुक्तिका लागि तीन जनाको नाम सिफारिस गरिएको थियो । शैक्षिक योग्यताको आधार, तालिम, अनुसन्धानमूलक लेख, अन्तर्वार्ता एवं प्रस्तुतीकरणका आधारमा नियुक्ति गरिएको जनाइएको छ।

## सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा नै समाजवादको यात्रा : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ११ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा भनेर सुरु गरिएको यात्रा समाजवादको यात्रा भएको बताउनुभएको छ।

तेइसौँ मजदुर बलिदान दिवसका अवसरमा आज आयोजित कार्यक्रममा उहाँले भ्रष्टाचार नियन्त्रण गरेर सुशासन कायम गरेर मात्र समाजवादको आधार तयार हुने बताउनुभयो। "गरिब एवं किसानको हकअधिकार स्थापित नहुँदासम्म समाजवाद आउन सक्दैन, सबैले आफ्नो क्षमताअनुसारको काम गर्ने, कामअनुसारको दाम पाउने अवस्था

बाँकी अन्तिम पृष्ठमा ▶▶


## भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरु

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछ:

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेषाज्ञा(Visa),
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिङ वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्यहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटहीको प्रमाण

नेपाल सरकार
विज्ञापन बोर्ड


## नेपाल टेलिकमले ३४ विमानस्थलमा फ्री वाइफाइ इन्टरनेट सेवा उपलब्ध गराउने

**रासस**
काठमाडौं, ११ फागुन

नेपाल टेलिकमले नेपालभित्र सञ्चालित ३४ विमानस्थलमा फ्री वाइफाइ इन्टरनेट सेवा उपलब्ध गराउने भएको छ। उक्त प्रयोजनका निम्ति नेपाल टेलिकम र नेपाल नागरिक उड्डयन प्राधिकरणबीच शुक्रबार सहमति भएको टेलिकमले विज्ञप्तिमार्फत जनाएको छ।

सो सहमतिपत्रमा टेलिकमका तर्फबाट प्रमुख व्यावसायिक अधिकृत विनिता श्रेष्ठ र प्राधिकरणका तर्फबाट उपमहानिर्देशक जगन्नाथ निरौलाले हस्ताक्षर गर्नुभएको छ । सहमतिअनुसार टेलिकमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर ाष्ट्रिय र आन्तरिक टर्मिनलतर्फ आगमन र प्रस्थान कक्षमा फ्री वाइफाइ नेटवर्क जडान गर्नेछ भने नेपालभित्र सञ्चालित अन्य विमानस्थलहरूमा चरणबद्ध रूपमा फ्री वाइफाइ इन्टरनेट सेवा सञ्चालन गर्नेछ । त्यसैगरी विमानस्थलभित्र यात्रुलाई सजिलो हुने गरी उपयुक्त स्थानमा कम्पनीका सेवासम्बन्धी जानकारी उपलब्ध गराउनका लागि सूचना तथा सहायताकक्ष स्थापना गरिने विज्ञप्तिमा उल्लेख छ। फ्री वाइफाइ नेटवर्क सेवा सञ्चालन तथा व्यवस्थापनका लागि उपकरणहरू जडान गर्न आवश्यक उपयुक्त स्थान उपलब्ध गराउने र अन्य व्यवस्थापनका लागि आवश्यक कार्य प्राधिकरणले गर्नेछ। यात्रुलाई सुविधा हुने गरी मोबाइल चार्जिङ स्टेसन राख्ने स्थान प्राधिकरणले उपलब्ध गराउने सहमतिपत्रमा भनिएको छ । यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा फ्री वाइफाइ सेवा सञ्चालन गर्ने सहमति भइसकेको छभने अब विमानस्थलको सबै स्थानमा सेवा उपलब्ध हुने कम्पनीले जनाएको छ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ‘सूर्य नेपाल वेस्टर्न ओपन गल्फ’को उपाधि नगरकोटीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पोखरामा यही फागुन ९ गतेदेखी सञ्चालन भएको ‘सूर्य नेपाल वेस्टर्न ओपन’ गल्फ प्रतियोगिताको उपाधि भुवन नगरकोटीले जित्नुभएको छ।



पोखरा महानगरपालिका-१४ स्थित हिमालयन गल्फ कोर्समा अन्तिम दिन आज इभन पार ६९ को स्कोर निकाल्दा पूर्वनम्बर एक प्रो गल्फर भुवनले समग्रमा १० अन्डर एक सय ९७ को सानदार स्कोरमा करिअरको एघारौं उपाधि जित्नुभएको हो। उहाँले बनाउनुभएको स्कोर हिमालयन गल्फ कोर्समा बनेको अहिलेसम्मकै उत्कृष्ट हो। भुवनले सन् २०१७ मा शिवराम श्रेष्ठले बनाएको नौ अन्डरको रेकर्ड तोड्न सफल हुनुभयो। भुवनले रवि खड्का र एमेच्योर सदभाव आचार्यलाई १२ स्ट्रोकले पछि पार्नुभयो। उपाधिसँगै भुवनले रु एक लाख लाख ४० हजार नगद पुरस्कार पाउनुभयो। रवि खड्का र एमेच्योर सदभाव आचार्यले समग्रमा दुई ओभर दुई सय नौको स्कोरमा दोस्रो स्थान बाँड्नुभयो। रवि र सद्भाव दुवैले आज एक ओभर ७० मा खेल सम्पन्न गर्नुभयो। रविले नगद रु ९६ हजार प्राप्त गर्दा एमेच्योरतर्फ सदभावले उपाधि जित्नुभयो। सद्भावले प्रज्वल गुरूङलाई १३ स्ट्रोकले हराउँदै उपाधि जित्नुभएको हो। दोस्रो हुनुभएका प्रज्वलले १५ ओभर दुई सय २२ स्कोर गर्नुभयो। धरानका निरज तामाङले आज इभन पार ६९ मा खेल सकाउँदा समग्रमा चार ओभर दुई सय ११ को स्कोरमा तृतीय हुनुभयो। उहाँले रु ७२ हजार पुरस्कार पाउनुभयो। भेट्रान प्रो दीपक मगरले समग्रमा छ ओभर दुई सय ११ सहित चौथो हुनुभयो। उहाँले रु ५९ हजार नगद पुरस्कार पाउनुभयो। प्रतियोगितामा ३५ प्रोफेसनल र १५ एमेच्योर खेलाडीको सहभागिता रहेको थियो। प्रोफेसनल गल्फ एशोसिएसनले प्रतियोगिता आयोजनागरेकोहो।प्रतियोगितामा कूल रु आठ लाख ४० हजार राशिको पुरस्कार रहेको थियो। प्रतियोगिताका विजयी खेलाडीलाई सूर्य नेपाल प्रालिका ब्रान्ड म्यानेजर विदुरराज अधिकारी, गण्डकी प्रदेश गल्फ सङ्घका अध्यक्ष इन्द्रधारा बिष्ट, कास्की जिल्ला गल्फ सङ्घका अध्यक्ष जीवराम गुरूङ, गण्डकी प्रदेश खेलकुद विकास परिषद्का बोर्ड सदस्य केशव पाठकलगायतले पुरस्कार वितरण गर्नुभयो।

# ‘उदाहरणीय व्यक्तित्व पं.ऋषिकेशव’ नामक पुस्तक बिमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

रविन्द्र माकाजुद्वारा लिखित दीपक बाटाजुद्वारा प्रकाशित पं.ऋषिकेशव पराजुलीको जीवनीमा आधारित ‘उदाहरणीय व्यक्तित्व पं.ऋषिकेशव’ नामक पुस्तक विमोचन गरिएको छ।



राष्ट्रिय मा.वि.को हिरक जयन्तीका अवसरमा एक कार्यक्रमका बीच नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले शुक्रबार पुस्तकको विमोचन गर्नुभयो। पोखराका बरिष्ठ शिक्षासेवी स्व.ऋषिकेशव पराजुली पोखराको पृथ्वी नारायण क्याम्पस, राष्ट्रिय मा.वि., कन्या स्कुल, नविन मा.वि. र पोखरा बृद्धाश्रमका संस्थापक रहनुभएको थियो। कार्यक्रममा प्राज्ञ सरुभक्तले निस्वार्थ कर्मयोगिहरू कहिल्यै नहार्ने बताउँदै गण्डकी प्रदेशमा शिक्षा, समाजसेवा र लोकतन्त्रका लागि आजीवन संघर्ष, समन्वयको भुमिका निर्वाह गर्दै आउनु भएका पण्डित ऋषिकेशव पराजुलीको जीवन आगामी पुस्ताका लागि अनुकरणीय रहेको बताउनुभयो। सामाजिक उन्नयनका लागि पराजुलीले पुऱ्याउनु भएको योगदान भुल्न नसकिने बताउँदै उहाँले हाम्रो समाजमा इतिहासको अभिलेखन हुन नसकेको र त्यस्लाई पुरा गर्ने जिम्मेवारी आँफूहरूको भएको बताउनुभयो।

ऋषि केशव जस्ता सामाजिक व्यक्तित्वलाई स्थानीयस्तरमा पठनपाठनको लागि पाठ्यक्रममा राखिनुपर्ने बताउँदै उहाँले पोखरा महानगरले त्यस्ता ऐतिहासिक व्यक्तित्वको सम्मान गर्नुपर्ने बताउनुभयो। बरिष्ठ नाट्यविद् प्रा.डा. रामचन्द्र पोखरेलले स्व.ऋषिकेशव पराजुली स्वयम् बिबेकशील श्रष्टा र द्रष्टा दुबै रहनुभएको बताउनुभयो। सेवा नै धर्म हो भनेर आफ्नो जीवन अर्पिएका पराजुलीले आफ्नो उत्तरार्धमा असहाय बेवारिसे ज्येष्ठ नागरिकहरुलाई उद्दार हुने कर्म गर्नुभएको उहाँले बताउनुभयो। पोखराको साठीघरे पराजुलीको बंशमा जन्मिएका पराजुलीले नेपालको सबैभन्दा ठूलो पृथ्वीनारायण क्याम्पस स्थापनाका लागि करिब दुई सय रोपनी भन्दा बढि जग्गा दान गर्न प्रेरित गर्नुभएको पोखरेलले बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय मा.वि.का अध्यक्ष रामबिक्रम राणा, लेखक रबिन्द्र माकाजु, प्रकाशक दीपक बाटाजु, साठीघरे पराजुली समाजका अध्यक्ष बिश्वगोपाल पराजुली, प्रेस स्वतन्त्रता सेनानी कुसुम केशव पराजुली, समाजसेवी बरुणविक्रम राणा लगायतले उहाँले सामाजिक एवम् राजनीतिक क्षेत्रमा गर्नुभएको योगदान बारे चर्चा गर्नुभएको थियो।

# पत्रकार रन्जितद्वारा मञ्चको अक्षकोषका लागि रकम हस्तान्त्रण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका पूर्व सल्लाहकार, पोखराका अग्रज फोटो पत्रकार सुर्दशन रञ्जितले नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीलाई अक्षकोष सञ्चालनका लागि रकम हस्तान्त्रण गरेका छन्।



शुक्रबार पोखरा-९ पृथ्वीचोक स्थित सहारा बाल आधारभुत विद्यालयको २७ औं वार्षिकोत्सवको अवसरमा आयोजित एक कार्यक्रमका विच रु २५ हजार रुपैयाँ मञ्चका अध्यक्ष दीननाथ बराललाई हस्तान्त्रण गरेका हुन्। रञ्जितले हालै एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डमा स्पेशल अवार्ड सहित प्राप्त गरेको पचास हजार नगद सहितको पुरस्कारबाट प्राप्त रकम मध्यबाट मञ्चले सञ्चालन गर्न लागेको अक्षकोषमा जम्मा हुने गरि उक्त रकम हस्तान्त्रण गरेका हुन्। मञ्च गण्डकीले आगामी एक बर्ष भित्रमा दश लाख अक्षयकोष पुर्याउने अध्यक्ष बरालले बताउदै आएका छन्। अध्यक्ष बरालले यस अघि उक्त कोषमा दश हजार सहयोग गरेको सचिव शशिकुमार पौडेलले बताए। रकम हस्तान्तत्रण कार्यक्रममा मञ्चका पूर्व अध्यक्ष केशव पाठक, सचिव पौडेल, सदस्य रोहितराज पराजुलीको सहभागिता रहेको थियो। यस्तै रञ्जितले सोही पुरस्कार मध्य केही रकम थप गरी सहारा आधारभूत प्रा.वि. पृथ्वीचोकलाई ३० हजार बराबरको सहयोग गरेका छन्।

बिद्यालयका अध्यक्ष विक्रम थकाली र प्रधानाध्यापक लोचना अधिकारीलाई उक्त रकम बराबरको चेक नै रञ्जितले सहयोग हस्तान्त्रण गरे।

# संघ सरकारका बीस सडक आयोजना पर्वतबाट फिर्ता

**पोखरापत्र संवाददाता**
पर्वत, ११ फागुन

सङ्घीय सरकारबाट बजेट विनियोजन भई कार्यान्वयनका लागि पठाइएका २० सडक योजना पर्वतबाट फिर्ता पठाइएको छ। सडक स्तरोन्नतिका लागि भन्दै आएका २० वटा योजना कार्यान्वयन नगरी फिर्ता पठाइएको हो।

पुर्वाधार विकास कार्यालय पर्वतमा प्राप्त भएका ती योजना गण्डकी प्रदेश सरकारको निर्णयबमोजिम कार्यान्वयन नगरी पठाइएको कार्यालयले जनाएको छ। सङ्घ सरकारले समेत दोहोरोपन हुने गरी साना योजना छनोट गरेर बजेट विनियोजन गरेपछि फिर्ता पठाउनुपरेको पुर्वाधार विकास कार्यालयका प्रमुख गुरुदत्त अधिकारीले बताउनुभयो। स्थानीय सरकारको जिम्मेवारीमा पर्ने खालका योजना भौतिक पुर्वाधार मन्त्रालयअन्तर्गत सडक विभागबाट प्राप्त भएका थिए। करिब रु एक करोड ५० लाख बराबरका ती योजना फिर्ता गरेपछि प्रदेश सरकारअन्तर्गतका योजना र सङ्घीय सरकारका बहुवर्षीय योजना मात्र सञ्चालन गरिएको उहाँले बताउनुभयो। प्रमुख अधिकारीका अनुसार अहिले पर्वतमा एक सय ७२ पूर्वाधारका योजना सञ्चालनमा छन्। जनशक्तिको अभाव, योजनाको सङ्ख्या अत्यधिक र साना तथा प्रदेश सरकारसँगै दोहोरोपना हुने खालका योजना भएकाले फिर्ता पठाइएको उहाँको भनाइ थियो। प्रमुख अधिकारीका अनुसार ती योजना रु पाँच लाखदेखि रु २० लाखसम्मका थिए। प्रदेश सरकारका योजना रु २० लाखभन्दा माथिका छन्। फिर्ता गरिएका योजनामा कुश्मा नगरपालिका-४ को अर्मादी पुरानो बाटो सडक निर्माण, कुश्मा-४ कै गोदाम जाने सडक, फलेवास नगरपालिकाको खड्केटारी-पञ्चासे सडक स्तरोन्नति, पैंयु गाउँपालिकाको हटियामा सहिद स्मृति सभाहल निर्माण गर्ने योजना रहेका उहाँले जानकारी दिनुभयो।

त्यसैगरी मिलनचोक, रातामाटा-लेकफाँट, खनियाघाट-ओडारे-बनौ सडक, तारे शालिजा-ओखेनी, कार्किनेटा-खौला-ठुलीपोखरी, पञ्चासे भञ्ज्याङ-आर्थर,पौडेलचोक-बुमि-लाम्पाटा र बराहथान गुफा-काफलचौर सडक कालोपत्रे योजना पनि फिर्ता पठाइएको छ। कुश्मा-३ दुर्लुङको सरुनचौदेखि चनौटे सडकखण्ड कालोपत्रे योजना, कटुवाचौपारीको पातिकान्ला-पिप्ले-सेउलीबजार सडक, जलजला वडा नं ८ र ९ जोड्ने सडक कालोपत्रे आयोजना, डुम्रेभञ्ज्याङ-बानीडाँडा-देउरालीसडक,रतीखोला-चित्रे-राम्जा-गँगटे, फलेवासको भुपुको चौतारीदेखि खौलासम्मको सडक आयोजना फिर्ता पठाइएको कार्यालयले जनाएको छ। त्यसैगरी तिलाहार-दराक-चित्रे-राम्जा सडक कालोपत्रे आयोजना, खुर्कोट-पाङ-मल्लाज वैकल्पिक राजमार्ग आयोजना पनि कार्यान्वयन गरिएको छैन। पूर्वाधार कार्यालय पर्वतका अनुसार यस वर्ष झण्डै २० किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य रहेको छ भने चारवटा मोटरेवल पुलसमेत निर्माणाधीन अवस्थामा रहेका छन्। प्रदेशकै योजना कार्यान्वयन गर्न हम्मेहम्मे परेको बेला सङ्घबाट आएका टुक्रे योजना समावेश गर्न समस्या परेको कार्यालयका इन्जिनियर जीता गिरीले जानकारी दिनुभयो।

# गण्डकी र लुम्बिनीका ज्येष्ठ नागरिकको अन्तर आश्रम भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

गण्डकी ज्येष्ठ नागरिक सङ्घसहित कास्की र स्याङ्जा जिल्ला ज्येष्ठ नागरिक सङ्घको सहकार्यमा गण्डकी र लुम्बिनी प्रदेशका २१ जना ज्येष्ठ नागरिकले अन्तर आश्रम भ्रमण गरेका छन्।

समाजमा ज्येष्ठ नागरिकको अवस्थाको जानकारीसँगै अनुभव आदानप्रदान गर्ने उद्देश्यका साथ अन्तर आश्रम भ्रमण गरिएको गण्डकी ज्येष्ठ नागरिक सङ्घका अध्यक्ष कुसुमकेशव पराजुलीले जानकारी दिनुभयो। ज्येष्ठ नागरिकहरूको समूहले शिव, पार्वती वृद्धाश्रम, रामदी स्याङ्जाका साथै भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीलगायत धार्मिक पर्यटकीय गन्तव्यको भ्रमणसमेत गरेको थियो।

शिव, पार्वती वृद्धाश्रम रामदी स्याङ्जामा भएको भेटघाट तथा छलफलमा पोखरा वृद्धाश्रमका अध्यक्ष एवं गण्डकी ज्येष्ठ नागरिक सङ्घका अध्यक्ष पराजुलीले असहाय, बेवारिसे ज्येष्ठ नागरिकमात्र नभई अपहेलित र अन्यायमा परेका सबै ज्येष्ठ नागरिकको मानवअधिकारका न्यूनतम आवश्यकता राज्यले पूरा गर्नुपर्ने बताउनुभयो। राज्यका कानुन ज्येष्ठ नागरिकमैत्री बन्नुपर्नेमा जोड दिँदै उहाँले ज्येष्ठ नागरिकले सम्मानपूर्वक बाँच्न पाउनुपर्ने बताउनुभयो।

कार्यक्रममा कास्की ज्येष्ठ नागरिक सङ्घका सचिव भीमप्रसाद सुवेदी, पोखरा वृद्धाश्रमका सल्लाहकार लीलाधर भट्टराई, राजेश श्रेष्ठलगायतले ज्येष्ठ नागरिकका अनुभव नयाँपुस्ताका लागि प्रेरक हुने बताउँदै उनीहरूको सम्मानित जीवनयापनमा राज्यले जोड दिनुपर्ने बताउनुभयो।

# सुशासन ...


आउनुपर्छ,” प्रधानमन्त्रीले भन्नुभयो, “त्यसकारण सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रा एकअर्कामा अभिन्न रुपले जोडिएका अवयव हुन्, समाजवादको आधार तयार पार्ने कुरा हो।” मजदुर-किसानको एकता एवं सही विचार र नेतृत्वको बलमा देशमा सङ्घी लोकतान्त्रिक गणतन्त्र स्थापना भएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, “हाम्रा सहिद, बेपत्तायोद्धाको त्याग र बलिदान खेर गयो कि भनेर सोच्न हुन्न, समावेशिता एवं महिलाको प्रतिनिधित्व छ, उत्पीडित जाति, जनजाति एवं मधेसी र मुस्लिमले जेजति अधिकार पाएका छन्, त्यो महान् सहिद र बेपत्ताको त्याग र बलिदानबाटै प्राप्त भएको हो।”


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नाक, कान, घाँटीको समस्या: कसरी जोगिने ?

**डा सुमेध मिश्र**



चिसो मौसममा बाहिरी तापक्रम कम हुने गर्छ । जसले गर्दा हावामा बाफको मात्रा पनि घट्छ । अचानक तापक्रम घट्दा गर्मी मौसममा अभ्यस्त भइरहेको हाम्रो शरीरलाई चिसो मौसमसँग समाहित हुनका लागि समय लाग्छ। त्यस कारण पनि चिसो मौसमको सुरुवातको समयमा विभिन्न प्रकारका एलर्जीहरु हुन्छन् ।

हावामा पानीको मात्रा घट्दा हावा सुख्खा हुने गर्छ। जसका कारण नाकको एलर्जी बढी हुन्छ। यतिबेला साना-साना धुलोका कणहरु नाकमा छिर्ने गर्छन्। सुक्खा नाक भएको समयमा यसरी धुलोका कणहरु छिर्दा जाडोमा एलर्जीको लक्षणहरु बढी देखिएका हुन्। एलर्जीसँग पिनास अन्तर सम्बन्धित छ। प्रायः नाकमा समस्या आउनासाथ पिनास नै भयो भन्ने आम धारणा हुन्छ ।

यद्यपि, नाकको समस्या हुने ५/१० प्रतिशत मानिसहरुलाई मात्रै पिनास हुने गर्छ। पहिले-पहिले ब्याक्टेरियाको संक्रमणका कारण हुने भएकोले पिनासलाई संक्रामक रोग मान्ने गरिन्थ्यो। पछिल्लो दशकमा पिनासबारे आधारभूत परिवर्तन आएका छन्। आजभोलि एलर्जीको विस्तारित रुपमा पिनासलाई लिने गरिन्छ। पटक-पटक नाकको एलर्जी भएको खण्डमा पिनास हुने गर्छ।

पिनास हुँदा मुख्यतया दुई प्रकारका लक्षण देखिन्छन्। पिनास हुँदाको मुख्य लक्षण दुवैतर्फको नाक बन्द हुनु र अर्को सिँगान आउनु हो। यस बाहेक टाउको दुख्नु पनि यसको मुख्य लक्षण हो । यद्यपि, चिकित्सकले इन्डोस्कोपी गरेर हेरेपछि मात्रै पिनास भएको यकिन गर्छन्। नाक र कान एक अर्कोसँग अन्तर सम्बन्धित अंग हुन्। यी दुवैलाई जोड्ने एउटा ट्युब रहेको हुन्छ । धेरै सिँगान जमेको अवस्थामा उक्त ट्युब बन्द हुन्छ। जसका कारण नाकका माध्यमबाट कानमा जानुपर्ने हावा नजाने हुन्छ। त्यसपछि कानमा विभिन्न प्रकारका समस्या आउने गर्छन् । विशेषगरी वयस्कहरुमा भन्दा पनि बच्चामा यस्तो समस्या बढी हुने गर्छ। त्यसैले बच्चाहरुमा रुघा लागेको बेला कान समेत पाक्ने समस्या आउन सक्छ। यसको पनि मुख्य समस्या नाकसँग नै सम्बन्धित हुन्छ ।

कान बारम्बार पाक्ने समस्या आएमा कानको जाली भित्र टेलिने हुन्छ, जसका कारण जालीमा प्वाल पर्ने, हड्डी कुहिने जस्ता समस्या समेत देखा पर्न सक्छन्। त्यसैले तत्कालै घाँटी दुख्ने तथा एलर्जीको समस्या देखिए पनि बारम्बार यी दुई समस्याहरु देखिएमा पिनास हुने तथा हड्डी खिइने जस्ता रोगहरु देखा पर्ने गर्छन्। त्यसैले नाक, कान, घाँटीको अधिकांश रोगहरुको जड नै एलर्जी हो।

**फ्यारेन्जाइटिस**

घाँटीको माथिल्लो भागलाई फ्यारिक्स भन्ने गरिन्छ। जसमा विभिन्न प्रकारका अंगहरु हुन्छन्। कुनै पनि अंगहरुको संक्रमणलाई फ्यारेन्जाइटिस भन्ने गरिन्छ। फ्यारेन्जाइटिसको समस्यामा बढी मात्रामा देखिने टन्सिलको समस्या हो ।

टन्सिलको मुख्य लक्षण घाँटी दुख्ने, ज्वरो आउने तथा थुक निल्न गाह्रो हुनु हो। हामी सबैलाई जीवनको कुनै न कुनै समय टन्सिलाइटिस भएकै हुन्छ ।

**एलर्जी राइनाइटिक्स**

यो विभिन्न प्रकारका एलर्जीहरुको मिश्रण हो। एलर्जी हामी वरिपरिका वातावरणकै कारणले हुने गर्छ। जस्तैः हामी वरिपरि रहेका धुलोका कणहरु। त्यस्तै चिसो, गर्मी, खानेकुरा लगायतका कारण नाक आवश्यकभन्दा बढी संवेदनशील हुने गर्छ। जसका कारण बारम्बार हाच्छ्युँ आउने, नाकबाट पातलो सिँगान बग्ने जस्ता समस्या आउने गर्छन्, जसलाई एलर्जी राइनाइटिक्स भन्ने गरिन्छ ।

**पिनासको समस्या**

मानिसका अनुहारको हड्डीमा विभिन्न प्रकारका खाल्डोहरु रहेका हुन्छन्। यदि ती खाल्डोहरुमा संक्रमण भएर सुन्निएको अवस्थामा नाक बन्द हुने, पहेंला सिँगान आउने, अनुहार दुख्ने जस्ता लक्षणहरु देखिएको अवस्थामा पिनास भएको भन्न सकिन्छ ।

**एलर्जीको कारण हुन्छ नाक, कान र घाँटीको समस्या**

माथि उल्लेखित समस्याहरु चिसोभन्दा पनि बढी एलर्जीको कारणले हुने गर्छ। एलर्जी भएपश्चात् उक्त समस्या नदोहोरियोस् भन्नका लागि चिकित्सकहरुले बिरामीलाई दिने परामर्श एकदमै महत्वपूर्ण छ ।

एलर्जी राइनाइटिक्सको मुख्य कारण चिसो भएकोले यो समस्या बढी चिसोमा देखिने गर्छ। यद्यपि, ८० प्रतिशत मानिसलाई घर भित्र भएको धुलोका कारण यो समस्या हुने गर्छ ।

**चिसोमा कसरी जोगिने ?**

- घर भित्र रहने त्यस्ता धुलोका कणहरुलाई हटाउन सकेमा यस समस्याबाट छुटकारा पाउन सकिन्छ ।

- घर भित्र धुलोका कणहरु जम्न दिनु हुँदैन। त्यसका लागि बेलाबेलामा घर भित्रको सरसफाइमा विशेष ध्यान दिनुपर्ने हुन्छ। यद्यपि, यस्तो समस्या भएका व्यक्तिहरुले भने सरसफाइको काम नगरेको राम्रो मानिन्छ। यदि गर्नुपरेको अवस्थामा डबल मास्कको प्रयोग गर्नुपर्ने हुन्छ ।

-नाक र घाँटीलाई सधैं तातो बनाएर राख्नुपर्ने हुन्छ ।

-कसै-कसैलाई निश्चित खानेकुराको सेवनले यस प्रकारको समस्या देखिने भएकोले त्यस्तो खानेकुराको सेवन गर्नु हुँदैन ।

-एलर्जी हुन नदिएको अवस्थामा पिनास पनि हुन पाउँदैन ।

- मास्कको प्रयोग गर्ने ।

**माछा, दही, केराले गर्दैन हानि**

माछा, दही, केरा लगायतका केही खानेकुराले घाँटी खराब गर्छ भन्ने धारणा नेपाली समाजमा रहेको छ। यसमा सत्यता छैन। यो एक भ्रम मात्रै हो।

चिसो खानेकुरा पेटमा जाने भएकोले छाती तथा नाकसँग त्यस्ता खानेकुराको खासै सम्बन्ध हुँदैन ।

(डा मिश्र नाक, कान र घाँटी रोग विशेषज्ञ हुन् ।)

# ढोरपाटनमा व्यापक हिमपात, जनजीवन प्रभावित

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ फागुन

बागलुङको ढोरपाटन क्षेत्रमा भारी हिमपात भएको छ । बुधबारदेखि मौसम परिवर्तन भएसँगै बिहीबार रातिदेखि हिमपात भएको हो। हिमपातले ढोरपाटन उपत्यका सेताम्मे भएको छ। हिउँले सडक र गोरेटो पुरिँदा स्थानीयले वरपरसमेत गर्न सकेका छैनन् ।

हिमपातका कारण घोडा, खच्चड तथा वस्तुभाउलाई घाँस तथा दाना हाल्न गाह्रो भएको स्थानीय जीवन अदैले जानकारी दिनुभयो । हिमपातले ढोरपाटनवासीको जनजीवन कष्टकर बनेको छ । बिहीबार सामान्य हिमपात भएकामा रातिदेखि भारी हिउँ परेको उहाँ बताउनुहुन्छ । यसपटकको हिमपात यो वर्षकै ठूलो भएको अदैको भनाइ छ । “बुधबार साँझदेखि सिमसिम पानी परेर चिसो महसुस भएको थियो, रातिदेखि अलिअलि हिउँ परेको र बिहीबार दिउँसो अलिअलि घाम लागेर हिउँ पग्लिएको थियो तर रातिदेखि भारी हिमपात भएर अहिले ढोरपाटन उपत्यका सबै ढाकिएको छ, वरपर गर्न सक्ने अवस्था छैन”, अदैले भन्नुभयो, “एक साता जति भयो घर्मी बढ्न थालेको थियो, हिउँ परेपछि फेरि चिसो बढेको छ, मङ्सिर र माघमा पनि हिउँ परेको थियो, यो बेलाको हिउँले बालीनाली राम्रो हुन्छ, तर चिसोले गर्दा घरबाट बाहिर निस्किएर काम गर्न समस्या भएको छ ।” गत मङ्सिर १७ गते ढोरपाटनलगायत आसपासका क्षेत्रमा पहिलोपटक हिमपात भएको थियो भने माघको १८ गते पनि भारी हिमपात भएको थियो । तेस्रोपटकको हिमपातले किसान र ढोरपाटन उपत्यकाका होटल व्यवसायी खुसी भएका छन् ।

ढोरपाटनसँगै बागलुङको उच्चपहाडी क्षेत्र हिउँले ढाकिएका छन् । बागलुङ, रोल्पा र पूर्वीरुकुमको सिमाना पातीहाल्नेमा पनि बाक्लो हिमपात भएको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीले बताउनुभयो । हिमपातले जनजीवनमा सामान्य असर परेको उहाँले बताउनुभयो ।

# तनहुँ जलविद्युत् आयोजनाको पचास प्रतिशत काम सकियो

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ फागुन

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको पचास प्रतिशत काम सकिएको छ । निर्माण सुरु भएको पाँच वर्षका अवधिमा आयोजनाले ५१.४४ भौतिक प्रगति गरेको हो ।

पुस मसान्तसम्म आयोजनाको आधा काम सकिएको आयोजना प्रमुख राजभाइ शिल्पकारले रासससलाई जानकारी दिनुभयो । सोही अवधिसम्म ४६.३४ प्रतिशत आर्थिक प्रगति हासिल भएको छ । आयोजनाले तीनवटा प्याकेजमा ठेक्कामार्फत काम गरिरहेको छ। शिल्पकारका अनुसार प्याकेज १ मा २७.७५ प्रतिशत भौतिक र २३.८८ प्रतिशत आर्थिक प्रगति भएको छ । प्याकेज २ मा ५१.१४ प्रतिशत भौतिक र ४४.०९ प्रतिशत आर्थिक प्रगति भएको छभने प्याकेज ३ मा ७६.५ प्रतिशत भौतिक र ७२.६ प्रतिशत आर्थिक प्रगति हासिल भएको शिल्पकारको भनाइ छ । उहाँले भन्नुभयो, “तीनवटै प्याकेजको काम तीव्र गतिमा भइरहेको छ, आयोजनाको प्रगति सन्तोषजनक रहेको छ ।” आयोजनाको कामलाई निर्धारित सन् २०२६ मै सम्पन्न गर्ने लक्ष्यसहित कामलाई अगाडि बढाइएको उहाँको भनाइ छ । आयोजनाको महत्वपूर्ण काम रहेको बाँध निर्माण केही महिनाअघि देखि जारी छ । ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ सिमाना भएर बग्ने सेती नदीलाई एक सय ४० मिटर अग्लो कङ्क्रिट मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रबाट ६२६.९२ मिटर लामो सुरुङ निर्माण गरी फर्काइएको छ । डाइभर्सन सुरुङमार्फत फर्काइएको पानीलाई मुख्य बाँध निर्माणस्थलबाट तल्लो तटीय क्षेत्रमा पुनः सेती नदीमा खसालिएको छ । बाँध निर्माणका लागि नदी फर्काउने कामलाई महत्वपूर्ण मानिन्छ। सन् २०२१ बाट निर्माण सुरु भएको डाइभर्सन टनेल हालै निर्माण सम्पन्न भएपछि नदी फर्काउने काम गरिएको हो ।

अब मुख्य बाँध निर्माण अवधिसम्मका लागि नदी फर्काउनका लागि करिब ४० मिटर अग्लो अस्थायी कङ्क्रिट बाँध (कफर ड्याम) निर्माण गरिनेछ । उक्त बाँध आगामी मनसुन सुरु हुनुभन्दा पहिले नै निर्माण सक्नेगरी काम भइरहेको आयोजना प्रमुख शिल्पकारले बताउनुभयो। आयोजनाको मुख्य निर्माण कार्यलाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ। प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि सोङ्दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन (प्रा) लि. नेपाल जेभीसँगको ठेक्का सम्झौता विसं २०७८ भदौ १४ गतेदेखि कार्यान्वयनमा आएको थियो। आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ को निर्माणका लागि सिनो हाइड्रो कर्पोरेसन, चीनसँग विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो । निर्माण सुपरीवेक्षण परामर्शदाताले खरिद सम्झौताबमोजिम निर्माण सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनो हाइड्रोले विसं २०७५ माघ ६ बाट आयोजनास्थलमा परिचालित भई निर्माण जारी राखेको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्बाइनलगायत उपकरण जडान भइरहेको छ । टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ मुख्य सुरुङ खनिरहेको छ । प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका केइसी इन्टरनेसनल लिमिटेड, भारतसँग विसं २०७५ पुस १० गते भएको खरिद सम्झौता विसं २०७५ फागुन १० मा कार्यान्वयनमा आएको थियो । ३४.७ किमी प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७४ वटा टावरको जग हालिएको छ । १६ वटा टावरको जग संरक्षण गर्ने कार्य सम्पन्न भएको छभने तीन स्थानमा जारी छ । यस अवधिमा निर्माण व्यवसायीले टावरका विभिन्न उपकरण छिर्केनेमा रहेको स्टोरमा आपूर्ति गरेको जनाइएको छ । आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँ जिल्लामा विद्युतीकरण गर्नका लागि नेपाल विद्युत् प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ।

यसअन्तर्गत स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका-४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ । उक्त सबस्टेसनसम्म विद्युत् पुर्‍याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको छ । तनहुँ जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएको छ। कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख सरकार/ नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# खडेरीका कारण हिउँदे बाली प्रभावित

**पोखरापत्र संवाददाता**
पर्वत, ११ फागुन

लामो समयदेखि वर्षा नहुँदा पर्वतमा हिउँदे बाली प्रभावित बनेका छन् ।

झण्डै पाँच महिनासम्म वर्षा नहुँदा जिल्लाका किसानले लगाएको बाली र लगाउन नपाएको बालीनालीको उत्पादनको अवस्थालाई मध्यनजर गर्दा करोडौको नोक्सानी पुग्ने अवस्था देखिएको छ । कृषकहरुले लगाएको आलु, गहुँ, जौ, तोरीलगायतका हिउँदे खेतीको उत्पादन ह्वात्तै घटेको पाइएको छ । पर्वतमा यतिवेला खेतमा मकैवाली लगाउने बेला भएको छ । तर वर्षा नहुँदा धान काटेपछि बाँझै रहेको खेत जोत्न समेत नपाएको कृषकहरुले गुनासो गरेका छन् । व्यावसायिक तरकारी खेती गरेका कृषकसमेत खडेरीका कारण नष्ट भएको गुनासो गरेका छन् । लामो समयको खडेरीले कृषकलाई ठूलो समस्या परेको पर्वतको कुश्मा नगरपालिका-१२ ठूलीपोखरीका कृषक रामप्रसाद सापकोटाले बताउनुभयो । खेतमा मकै लगाउने बेला भइसके पनि वर्षा नहुँदा बाँझै राख्नुपरेको उहाँले बताउनुभयो । गत असोजको अन्तिम सातापछि यस क्षेत्रमा वर्षा भएको छैन । जिल्ला कृषि ज्ञान केन्द्र पर्वतका अनुसार विशेष गरी हिउँदे बालीनालीमा खडेरीले असर पुर्‍याएको छ । सिँचाइ सुविधा भएका र नभएका दुवै ठाउँमा उत्पादनमा निकै कमी आएको वरिष्ठ कृषि विकास अधिकृत पर्शुराम अधिकारीले बताउनुभयो । उहाँका अनुसार बालीनाली उम्रिसकेपछि सिँचाइ गर्ने एउटा संवेदनशील अवस्था हुन्छ, त्यो समयमा सिँचाइ गर्न सकिएन वा वर्षा भएन भने बालीनाली मर्ने र उत्पादन नदिने समस्या हुने भएकाले सिँचाइ अनिवार्य गर्नुपर्दछ । “सिँचाइ भएका ठाउँमा पनि वर्षा भयो भने उत्पादन झनै बढ्छ”, अधिकारीले भन्नुभयो ।

कृषि ज्ञान केन्द्रका प्रमुख अधिकारीले यो बेलामा जमिनको आँत भिज्ने गरी वर्षा भइदिने हो भने अब लगाउने बालीनालीमा धेरै सहयोग हुने बताउनुभयो । चिस्यानबिना जोतिएका खेतमा डल्ला आउने र डल्लामा परेको मकै नउम्रिने भएकाले उत्पादनमा ह्रास आउन सक्ने उहाँको भनाइ छ । पर्वतमा आकाशे वर्षाको भरमा खेतीबाली लगाउने ठाउँ धेरै भएकाले पनि यस वर्षको हिउँदे खेतीका रुपमा लगाइएको गहुँ, जौ, तोरी, आलु, फापरलगायत व्यावसायिक तरकारी खेती गर्नेले ठूलो नोक्सानी व्यहोर्नुपरेको केन्द्रले जनाएको छ । तेलहन बालीमा मात्र ३० प्रतिशतभन्दा बढीले उत्पादनमा कमी आउने उहाँको अनुमान छ । त्यसैगरी लहरेबालीसमेत समयमा लगाउन नपाउँदा व्यावसायिक तरकारी कृषक मारमा परेका छन् ।

उहाँका अनुसार जिल्लाको पातीचौर क्षेत्र र मिलनचोक क्षेत्र तथा दक्षिण पर्वतमा रहेका विभिन्न खोलाको नजिकका खेतबारीमा बाहेक सबै ठाउँमा खडेरीले असर परेको छ। कतिपय ठाउँमा बालीनालीनै लगाउन पाएका छैनन् भने कतिपय ठाउँमा लगाएको बालीनालीनै सखाप भएपछि कृषकसमेत चिन्तित बनेका छन् । अर्कोतर्फ पानीको वैकल्पिक स्रोतसमेत खडेरीका कारण सुकेपछि चैते धानका लागि बीउ राख्नसमेत नपाएको कृषकले गुनासो गरेका छन् । जिल्लामा झन्डै आठ हजार हेक्टर क्षेत्रफलमा सिँचाइको सुविधा पुगेको भए पनि खोला सुकेका कारण सिँचाइ नहरमा समेत पानी बन्द हुँदा झनै समस्या भएको छ ।

सानातिना मूलको भरमा खेतीपानी गर्दै आएका कृषक खडेरीका कारण मूल नै सुकेपछि झनै चिन्ता थपिएको शङ्करपोखरीका कृषक कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “मकै, चैते धान, बर्खे आलु, रोप्ने बेलासम्म पनि पानी नपरेपछि समस्यामा भएको छ ।”

यो महिनाभरिमा वर्षा नहुने हो भने मकै खेती र लहरेबालीसमेत उत्पादन नहुने कृषि ज्ञान केन्द्रले जनाएको छ । खडेरीले यस वर्ष पर्वतमा खाद्यान्न उत्पादनमा ठूलो गिरावट आउने कृषि ज्ञान केन्द्रको अनुमान छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वस्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तीन वर्षदेखि अलपत्र पुस्तकालयको काम थालियो

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

विसं २०७६ मा शिलान्यास गरिएको धवलागिरि बहुमुखी क्याम्पसको पुस्तकालय भवन निर्माण पुनःप्रारम्भ भएको छ । तीन तला ढलान भएर तीन वर्षसम्म अलपत्र रहेको पुस्तकालय भवनको बाँकी काम थालिएको हो ।

तत्कालीन सांसद सूर्य पाठकको सांसद विकास कोषबाट प्रदान गर्नुभएको रु ७० लाख लागतमा बनाइएको भवनको बाँकी काम यथाशीघ्र पूरा गर्ने लक्ष्यका साथ पुनः काम थालिएको क्याम्पसप्रमुख रामप्रसाद उपाध्यायले बताउनुभयो । त्रिभुवन विश्वविद्यालयले बजेटमा उपलब्ध गराएपछि भवन निर्माणलाई अगाडि बढाइएको छ । “सांसद विकास कोषको २०७६ सालमा रु ४० लाख र २०७७ सालमा रु ३० गरी ७० लाख रकममा भवनको बाहिरी संरचनामात्रै बन्यो, तर समग्रमा भवनको ४० प्रतिशतमात्रै काम हो यो”, क्याम्पसप्रमुख उपाध्यायले भन्नुभयो । त्रिभुवन विश्वविद्यालयले पुस्तकालयको भवन निर्माण सम्पन्न गर्न रु एक करोड बजेट दिएकाले निर्माणको काम पुनः सुरु भएको उहाँले बताउनुभयो । भवन अपाङ्गमैत्री हुनेछ ।

# गरिबीले रुस पठायो, युद्धले ज्यान लियो

**रासस**
बागलुङ, ११ फागुन

बागलुङको ताराखोला गाउँपालिका-२ सिले गाउँका ३६ वर्षीय जीतबहादुर विक असोज ११ गते रोजगारीका लागि रुस पुग्नुभयो। रुस पुगेको पाँच महिनामै घरमा मृत्युको खबर आयो। जीतबहादुरको मृत्युको खबरले सिङ्गो गाउँनै यतिबेला दुःखमा छ । सामान्य परिवारका जीतबहादुरले लामो समय गाउँमा गाडी चलाउनुभयो । गाडी चलाउनेबाहेक उहाँसँग अन्य सीप थिएन । व्यवसाय गर्नलाई परिवारको आर्थिक अवस्था नाजुक थियो। गाडी चलाएर परिवार पाल्न नसकेपछि धन कमाउने आश बोकेर जीतबहादुर रुस पुग्नुभएको थियो । रुस पुगेर रुसी सेनामा भर्ती हुनुभएका विकको बाबाआमा र श्रीमतीसँग निरन्तर सम्पर्क हुन्थ्यो।

गत माघ १५ गते जीतबहादुरको श्रीमती विष्णु विकसँग सामान्य कुरा भयो। त्यस दिन उहाँले श्रीमतीसँग पहिले जसरी कुरा गर्नु भए। जीतबहादुरले आफ्नो साथीको फोनबाट विष्णुलाई कल गर्नुभएको थियो । पहिले जस्तो कुरा नगरेपछि विष्णु आत्तिएर निरन्तर कल गरी राख्नुभयो । अन्ततः फोन जीतबहादुरले नउठाएर उहाँको साथीले उठाउनुभयो । फोनमा जीतबहादुर सामान्य घाइते भएको खबर विष्णुलाई आयो । विष्णु झसङ्ग हुनुभयो । उहाँलाई कतिबेला आफ्ना पतिलाई भट्ने भन्ने भयो। तर त्यो सम्भव थिएन। घाइते जीतबहादुरको केही दिनपछि मृत्युको खबर आयो। उहाँको मृत्यु भएपछि छोराछोरी र श्रीमतीको विचल्ली बनेको छ । आर्थिक अवस्था निकै कमजोर रहेको विक परिवारमा अहिले बज्रपात नै परेको छ । खेती किसानी गरेर परिवार चलाउँदै आएकी जीतबहादुरकी पत्नी विष्णुले विदेशमा गएको श्रीमान्ले कमाएर ल्याउलान र छोराछोरीले मिठो मसिनो खुवाउँला र राम्रो लुगा लगाउलान् भन्ने आशा गर्नु भएको थियो । तर अब त्यो आशा कहिल्यै पूरा नहुने भयो । बुधबार मात्रै जीतबहादुरको मृत्युको खबर आएपछि परिवारले गाउँमा कुशको शव बनाएर अन्त्येष्टि गरेको छ । विदेश जानेबेला राम्रो कमाई हुने ठाउँमा जान्छु भन्दै श्रीमान् अब कहिल्यै फर्कन्न भन्ने सुनेपछि विष्णु मुर्छा पर्नुभयो।

"विदेश जाने बेलामा मेरो चिन्ता नगर, अहिलेको जस्तो दुःख गर्न पर्दैन भन्नुभएको थियो, मैले पैसा पठाए भने ऋण तिरौँला भन्नुहुन्थ्यो, "रु २५ देखि ३० लाखसम्म ऋण छ, अब कसरी तिर्ने ? छोराछोरी कसरी पढाउने ?", विष्णुले भन्नुभयो, "मैले उहाँको अन्तिम बोली माघको १५ गते सुनेको हुँ, त्यतिखेर अन्य बेलाको जस्तो कुरा भएन, बोली पनि अर्कै थियो, आफ्नो साथीकोबाट फोन गर्नुभएको थियो, छोटो बोलेर फोन काट्नुभयो, म आतालिएर फोन गरि रहेँ, पटकपटक फोन गरेपछि उहाँको साथीले फोन उठाउनुभयो, मेरो परिवारलाई घाइते भएको कुरा नभन्नु भनेर साथीलाई भन्नुभएको रहेछ, धेरैपछि मात्रै घाइते भएको उहाँको साथीबाट थाहा पाएँ ।" जीतबहादुरकी आमा धनकुमारी विकले कात्तिक पहिलो साताको बोली नै अन्तिम भएको बताउनुभयो। विदेश जानेबेला धेरैले त्यो देशमा जान नहुने भने पनि केही समय दुःख गरेर फर्किन्छु भन्दै गएको धनकुमारीको भनाइ छ। कात्तिकमा फोन गरेर मलाई र बुबालाई स्वास्थ्यको ख्याल गर्न आग्रह गर्दै केही समयमा पैसा पठाइदिने आश्वासन दिनुभएका जीतबहादुरले त्यसपछि न फोन गर्नुभयो, न पैसा पठाउनुभयो । छोरोको मृत्युले घरनै अन्धकार भएको धनकुमारी बताउनुहुन्छ। आफू लामो समयदेखि कान्छो छोरासँग बुटवलमा बस्दै आएको सुनाउँदै घरको आर्थिक अवस्था निकै कमजोर हुँदा छोरो विदेशिन बाध्य भएको उहाँको भनाइ छ ।" "धेरैले नराम्रो छ, त्यो ठाउँमा जान हुँदैन भन्थे, गाउँमा रोजगार भएन, बारीमा काम गरेर खान नपुगेपछि विदेश गयो, विदेश गएको केही दिनपछि म आए आमा मेरो पीर नगर्नु भनेर फोन गरेको थियो, उसले कमाई राम्रो छ भन्थ्यो, दुई महिनामा १० लाख दिन्छ भनेको छ, पैसा पाएँ भने पठाइदिन्छु भन्थ्यो", धनकुमारीले रुँदै भन्नुभयो, "चाहिएजतिको सामान किन्नु होला, धेरै चिन्ता नगर्नु बूढी हुनुभयो, आफ्नो र बाबाको ख्याल गर्नु भन्थ्यो, अहिले आफैँ रहेन, गाउँमा हुन्थ्यो भने जसरी भए पनि मुख देख्न पाउँथे, अब मेरो बाबुको अनुहार कसरी हेरुँ ?"

मृतक जीतबहादुरको १० वर्षीय छोरा र १२ वर्षकी कान्छी छोरी छन् । जेठी छोरीको विवाह भइसकेको छ । विकको आर्थिक अवस्था निकै कमजोर हुँदा ताराखोला गाउँपालिकाले जनता आवास कार्यक्रमअन्तर्गत तीन वर्ष अगाडि घर बनाइदिएको थियो । दुई भाइमध्ये कान्छो थमबहादुर विक भने हाल पर्चुगल हुनुहुन्छ। विक रुस जानुभन्दा पहिले साउदी र कतारमा पनि पुग्नुभएको थियो । ताराखोला गाउँपालिका-२ का अध्यक्ष भद्रबहादुर घर्तीले जीतबहादुर सानैदेखि निकै मेहनती, मिलानसार र सलर स्वाभावको रहेको भन्दै गरिबीका कारण विदेशिन बाध्य भएको बताउनुभयो । मुख्य जिम्मेवार व्यक्तिको मृत्यु भएपछि परिवारको विचल्ली भएको अध्यक्ष घर्तीको भनाइ छ। उहाँले जीतबहादुरको मृत्युको खबर बुधबारमात्रै आए पनि माघ २० गते नै भएको बताउनुभयो। युद्धका क्रममा घाइते भएर अस्पताल उपचार गर्दै गर्दा जीतबहादुरको मृत्यु भएको विदेश पठाउने एजेन्टले जानकारी गएको घर्ती बताउनुहुन्छ। अध्यक्ष घर्तीले भन्नुभयो, "निकै दुःखद् घटना भयो, यो घटनाले सिङ्गो गाउँलाई दुःखी बनाएको छ, उहाँ निकै शालीन हुनुहुन्थ्यो, गाउँमा हुँदा पनि निकै मेहनत गर्नुहुन्थ्यो, केही वर्ष गाडी पनि चलाउनुभयो, त्यसबाट परिवार चलाउन नसकेर होला विदेश जानुभयो, विदेश गएको केही समयमै यस्तो दुःखद् खबर आयो।"

# एक दशकपछि दोस्रो आँबुखैरेनी महोत्सव

**पोखरापत्र संवाददाता**
दमौली, ११ फागुन

तनहुँको आँबुखैरेनीमा बिहीबारदेखि दोस्रो आँबुखैरेनी महोत्सव सुरु भएको छ। पहिलो महोत्सव भएको झण्डै एक दशकपछि दोस्रो महोत्सव आयोजना गरिएको हो।

तनहुँ उद्योग वाणिज्य सङ्घले आयोजना गरेको महोत्सवको प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठले उद्घाटन गर्नुभयो। त्यस अवसरमा उहाँले मेला-महोत्सव स्थानीय वस्तु बजारीकरणका लागि सहयोगी हुने बताउनुभयो। उहाँले भन्नुभयो, "अबको समय आर्थिक समृद्धिको हो, राजनीतिक परिवर्तन भइसक्यो । अब जनतालाई समृद्ध बनाउनेतर्फ सबै दलबीच सहमति र सहकार्य आवश्यक छ ।" गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमानले आँबुखैरेनीको पर्यटकीय, धार्मिक, सांस्कृतिक क्षेत्रको प्रचारप्रसारका लागि महोत्सव सफल हुने बताउनुभयो। उहाँले सबै दलबीचको एकता र सहमतिबाट आर्थिक समृद्धि हासिल गर्न सकिने बताउनुभयो। विसं २०७१ मा प्रथम आँबुखैरेनी महोत्सव भएको थियो। त्यसयता विभिन्न कारणले महोत्सवलाई निरन्तरता दिन नसकेको एकाइले करिब १० वर्षपछि महोत्सव आयोजना गरेको हो। 'उद्योग, व्यापार, पर्यटन र कृषिको प्रवर्द्धन, स्थानीय कला र संस्कृतिको संरक्षण' भन्ने मूल नाराका साथ आयोजना गरिएको महोत्सवमा सांस्कृतिक प्रदर्शनी, धार्मिक एवं ऐतिहासिकस्थलको अवलोकन, कृषि तथा पशु फार्म अवलोकन, उद्योग तथा विद्युत् उत्पादन केन्द्रको अध्ययन अवलोकन मुख्य आकर्षण रहेको समारोह समितिका संयोजक एवं तनहुँ उद्योग वाणिज्य सङ्घ आबुँखैरेनी बजार एकाइ सभापति भगवान श्रेष्ठले जानकारी दिनुभयो । महोत्सवको मुख्य आकर्षणमा आँबुखैरेनीबाट छिम्केश्वरीसम्मको दुईदिने प्याकेज भ्रमणको व्यवस्थासमेत रहेको छ । महोत्सवमा विभिन्न जातजातिको संस्कृति, वेशभूषा, खानपानको प्रदर्शनीसँगै विविध लोकसांस्कृतिक कार्यक्रम र खेलकुद प्रतियोगिता हुनेछ।

महोत्सवमा एक सय ७५ वटा 'स्टल' रहेका छन्। पचहत्तर हजार दर्शकले अवलोकन गर्ने ठानिएको महोत्सवमा रु ४१ लाख आम्दानी हुने अनुमान छ। महोत्सव फागुन २० गतेसम्म सञ्चालन हुनेछ।

# चार करोडको लागतमा लोमान्थाङ खोलामा पुल निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

कालीगण्डकी 'करिडोर' बेनी-जोमसोम-कोरला सडकअन्तर्गत मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित लोमान्थाङ खोलामा पक्की पुल निर्माण भएको छ।

बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत लोमान्थाङ खोलामा मोटर चल्ने पुल निर्माण भएको हो । पुल निर्माण भएपछि बाह्रै महिना यातायातका साधन सञ्चालन गर्न सहज भएको छ। पुल रु चार करोड ६८ लाख दुई हजारको लागतमा निर्माण भएको हो । पुल निर्माण पूरा गरी हस्तान्तरण गरिएको आयोजनाका सूचना अधिकारी इन्जिनियर विष्णु चापागाईँले बताउनुभयो। इन्जिनियर चापागाईँका अनुसार २०२ किलोमिटर दूरीको बेनी-जोमसोम कोरला सडकमा लोमान्थाङ खोलासहित थप छवटा गाडी चल्ने सडक पुल निर्माण भएका छन् । बेनी-जोमसोम कोरला आयोजनाले पाँचवटा पुल निर्माणका लागि विभिन्न निर्माण कम्पनीसँग रु ३१ करोड ६२ लाखमा ठेक्का सम्झौता भएको छ।

# संस्कार हराएको नेपाली समाज



**बाबुराम पौडेल**

के नेपाली समाजमा संस्कारमा धमिलोपन आएकै हो र ? ठूलाले सानालाई सानाले ठूलालाई जालझेलमा पार्न रसाकस्सि चलिरहने नेपाली समाजमा सोझालाई जिवनयापन गर्न कठिनाइ वन्दै गएको छ। यो कतिदिन चल्छ यहाँ ? समाज दिनानुदिन दुर्गन्धित बन्दै गएको छ। समाजमा विभिन्न वर्गका मानिसहरु बसोबास बस्छन् । वर्ग भन्नाले विभिन्न पेशा, उमेर, लिङ्ग, संस्कृति,आर्थिक हैसियत आदिका आधारमा बिभाजित मानिसहरुको समुहलाई जनाउछ। तर समाज एउटा यस्तो वर्ग रहेको हुन्छ जस्को जीवनमा सामाजिक आर्थिक राजनीतिक सांस्कृतिक पक्षले नकारात्मक रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष तरीकाले असर पारिरहेको छ। जस्ले गर्दा आज समाजमा हुने संस्कारमा अशोभनीय रुपमा अप्ठ्यारो पारिरहेको छ। के यो उनीहरुले संस्कारको अर्थ नबुझेकै कारण समाजमा सांस्कारीक वातावरण खल्बलिएकै हो ?

संस्कार एउता प्रक्रिया हो जसले मान्छेलाई सहि बाटोमा डोऱ्याइ सभ्य र सुसंस्कृत बनाउने गर्छ। सामान्य अर्थमा संस्कार अवगुण दोष कमजोरी आदि हटाई परिष्कार गर्ने कामलाई बुझिन्छ। वृहत अर्थमा यो असभ्य सोचलाई परिस्कृत गर्दै पवित्रमनको विकास गरी अनुशासित जीवनपद्धतिमा डोऱ्याउने माध्ययम हो। संस्कार र संकृति झवाटै हेर्दा एउटै भए जस्तो लागेपनि तर फरक विषय हुन। संस्कृति समय अनुसार फरक हुन्छ भने संस्कार संदावार एउटै हुन्छ। संस्कार व्यक्तिको आचरण, व्यवहारसँग जोडिएको हुन्छ, जसले गर्दा व्यतिले आफ्नो जीवनलाई सफलतापूर्वक अगाडि बढाई सभ्यताको विकास गर्दछ। त्यसैले भन्ने गरिन्छ संस्कारी घरानामा जन्मेहुर्कको व्यक्ति अनुशासित र मर्यादित हुन्छ।

नेपाली समाजमा संस्कारलाई नियालेर हेर्दा कतिपय नेपालीमा सभ्यता हराएको देखिन्छ। म एउटा सडक दुर्घटनाको प्रत्यक्षदर्शी हुँ। घटना पोखरा वाग्लुङ राजमार्ग हो। एक जना अठार उन्नाइस वर्षको युवा याम्दी नजिक मटरसाइकलमा चिप्लिएर हात खुट्टामा चोट लागेको थियो। अर्कोतिर बाट आएको मोटरसाइकलको भद्र भलाद्मीले रोकेर उसलाई उठाउन खोज्दा उल्टै उसलाई सबैको अघाडी आरोप लगाई उपचार गर्न बाध्य बनायो । यसले मानवता सभ्यता र संस्कार प्रति अवश्य नै प्रश्नचिन्ह खडा गरेको छ होला ? यसैगरी नेपालमा कतिपय संस्थामा विद्यार्थीले नक्कली फेसबुकमा आइड बनाई विद्यार्थीले शिक्षकमाथी गरेको अपमानजनक व्यवहारले पनि नेपाली समाजमा सभ्यता र मानवता थिलोथिलो पारिरहेको उदाहरण दिएको छ। म एउटा शिक्षक भएको हैसियतले प्रत्येक्ष देखेको घटनालाई प्रस्तुत गरेको हो। यहाँ सामाजिक संजाल सम्बन्ध जोड्न भन्दा भत्काउन बनाइएको देखियो।यसले गर्दानी परिणाम स्वरूप नेपालमा शिक्षाको गुणस्तरमा ह्रास आएको पाइन्छ। यतिमात्र नभइ एउटा वैदेशिक रोजगारीका लागि पठाउने कम्पनीले सोझो व्यत्तिलाई विभिन्न प्रलोभन देखाई रकम असुल्छ र भाग्छ भने यस्तो अस्वस्थ वातावरणाले के को संज्ञा दिन्छ ? नेपाली समाजमा संस्कारको लोप हुदै जानुमा राज्य पूर्णतया रुपमा दोषी ठरीन्छ । यसमा कुनै पनि शंका छैन । पछिल्लो समयमा आउदा भ्रष्ट ,फटाहा हरुको दिनदाहाडे सलबलाइ रहेकाछन ।यसैगरी विभिन्न राजनैतिक दलका नेताहरु पदका लागि कुर्सी तानातान गर्दछन् । जबकी नेतृत्व गर्ने ब्यक्तिमा सभ्यता नै हराउँछ भने सामान्य जनतामा अब भन्नुस के होला ? यसैगरी विस २०६८ सालको जनगणना भन्दा २०७८ सालको जनगणनामा परिवार को आकार सानो छ। तर पनि अभिभावकले आफ्नो बच्चालाई आचरण, अनुशासन तथा सभ्यताको पाठ सिकाउन सकिरहेको अवस्था छैन। जसको परिणाम बच्चाले आफूभन्दा मान्य व्यक्तिमा दुव्यवहार गर्ने हिम्मत राख्छ । गलत वाटो रोज्छ र अन्तमा आफ्नो भबिस्य आफैले अन्धकारमय गराएको पाइन्छ ।सायत यस्तै भएकै कारण बच्चाले आत्महत्याको बाटो पनि रोज्न बाध्य हुन्छ।

यसैगरी नेपाली शिक्षा प्रणालीलाई अवलम्वन गर्दा शैक्षिक गुणस्तर दयानीय अवस्थामा देखिन्छ । २०८० साल असोज ३ गते देखी देशभर रहेका शिक्षकहरु राज्यले सुबिधा कटौती गरेकै कारण आन्दोलन गरेका थिए। यहाँ राज्यले खुलायम रुपमा भ्रष्टाचार गर्नेलाई कुनै कारबाही गर्न सक्दैन तर शिक्षा प्रदान गर्ने बौद्धिक बर्गलाई दबाबमा राख्न खोज्दा कस्तो खालको संस्कार विकास हुन्छ? यसप्रतिराज्य उत्तरदायी हुन जरुरत देखिन्छ ।अन्तमा राज्य उतरदायी भई राम्रो कार्यलाई प्राथमिकता दिएमा सहि प्रणालीको विकास सगै संस्कारको पनि विकास हुन्छ। यसैगरी अभिभावकले आफ्नो सन्तानलाई मानवता, अनुशासन र सभ्यताको शिक्षा दिनुपर्छ र अनिमात्र बच्चा संस्कारी वन्दछ। यसरी बच्चाले हरेक कुरामा सफलता हासिल गर्दछ।अनि जीवन बगैंचाको फुल जस्तो हुन्छ।

# हिमालय माविको ५२ औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

हिमालय माध्यामिक विद्यालय , पोखरा २० मौजाको ५२ औं वार्षिकोत्सव अभिभावक दिवस पुरस्कार वितरण, शिलालेख अनावरण तथा स्वर्ण महोत्सव स्मारिका विमोचन कार्यक्रम शुक्रवार एक समारोहका विच सम्पन्न भएको छ।

पोखरा महानगर पालिका वडानं २० का वडा अध्यक्ष गंगा बहादुर के सि को प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । सो अवसरमा प्रमुख अतिथि अध्यक्ष के सि ले विद्यालयको शैक्षिक स्तर उकास्न बिद्यार्थी शिक्षक तथा अभिभावकको महत्वपूर्ण भूमिका रहने बताए । उनले दिन प्रति दिन गाउँका विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको प्रति चिन्ता गर्दै तेसो हुन नदिन वडा कार्यालयबाट गर्नु पर्ने सबै खालका सहयोग गदै जाने प्रतिबद्धता ब्यक्त गरे। उनले विद्यालयको शैक्षिक



उन्नती तथा भौतिक संरचना निर्माणमा वडा कार्यालयले आवश्यक बजेट समेत विनियोजन गरेर अगाडी बढेको जानकारी पनि दिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरी प्रसाद गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा गत वर्ष बिद्यालयले मनाएको स्वर्ण महोत्सवका अवसरमा आर्थिक सहयोग प्रदान गर्ने ब्यक्ति तथा संघ संस्थाको नाम उल्लेखित शिलालेखको अनावरण गरिनुका साथै स्वर्णमहोत्सव स्मारिका विमोचन समेत गरिएको थियो भने विभिन्न क्षेत्रमा रहेर बिधालयको स्वर्णमहोत्सवमा सहयोग गर्न महानुभावहरुलाई सम्मानित गरिएको थियो। सो अवसरमा नेपाल पत्रकार महासंघ कास्कीका सहसचिव तथा फेवापोष्ट साप्ताहिकका सहायक सम्पादक श्रीराम सिग्देल लगायतका बिभिन्न व्यक्तित्वहरुलाई सम्मानित गरिएको थियो। कार्यक्रममा हिमालय माध्यामिक विद्यालय स्वर्ण महोत्सव मूल आयोजक समिति संयोजक सु. हुमबहादर गुरुङ, स्मारिका प्रकाशन उपसमिति संयोजक राम गुरुङ्ग , स्मारिका प्रकाशन उपसमिती सदस्य तथा प्राध्यापक कमल गुरुङ्ग, स्वर्ण महोत्सव अर्थ उपसमिति संयोजक क्या . हिम्मत गुरुङ्ग, सिता आधार भुत विद्यालय का प्रधानाध्यापक ईन्द्रप्रसाद बाँस्तोला, विद्यालयका पूर्व प्रअ शेषकान्त आचार्य लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। विद्यालयका प्रधानाध्यापक मणिराज परियारले विद्यालयको वार्षिक प्रतिवेदन पेश गरेको कार्यक्रममा शिक्षिका राधा आचार्य सिग्देल तथा विद्यार्थी हेमानी नेपाली ले स्वागत मन्तव्य राखेका थिए भने सहायक प्र अ डोलराज रेग्मीले कार्यक्रम सम्चालन गरेका थिए । कार्यक्रम मा बिध्यार्थीहरूद्वरा विविध साँस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरिएको थियो।

## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

# Notice for the Letter of Intent

**(First Publication Date: 24th of February 2024)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act, 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: 28-PRM-W-NCB-BLDG-080-81-08 as per the Invitation for Bids published in the national daily newspaper "Pokharapatra National Daily" on 22nd of January, 2023, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act, 2063 with its revision.

| Contract ID, Name of Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| 28-PRM-W-NCB-BLDG-080-81-08, Construction of Additional RCC Block for Bange Health Post at Phedikhola-05, Bange, Syangja | PHEDIKHOLA CONSTRUCTION COMPANY PVT. LTD., PHEDIKHOLA-02, SYANGJA | 2,924,351.94 |